# प्रेस विज्ञप्ति- ३५६

# Press Release- 356

लागु औषध नियन्त्रण ब्युरो
कोटेश्वर, काठमाडौं
मिति: २०८१।०२।१८ गते।

बिगतका केही घटनाहरुमा कारागारमा रहेका कैदी बन्दिहरु समेतबाट बाहिर रहेका आफन्त तथा साथि भाईहरु मार्फत लागु औषधको अवैध कारोवारमा संलग्न भएको देखिएकोले यस्तो प्रकारको कारोवार भबिष्यमा हुन नदिन लागु औषध नियन्त्रण ब्युरो द्वारा कारागार कार्यालयहरुमा रहेका कैदी बन्दीहरुलाई सचेत गराई निग्रानी गर्ने नेपाल प्रहरीको कार्य योजना २०८०।०८१ बमोजिम मिति २०८१।०२।१८ गते कारगार कार्यालय डिल्ली बजारमा रहेका अं. २३० जना कैदी बन्दीहरूलाई **लागु औषध बिरुद्ध सचेतना मुलक कार्यक्रम** गरिएको छ। उक्त कारागारमा हाल १०४ जना लागु औषध सम्बन्धित कैदी बन्दीहरु रहेका छन्। सबै कारागारमा रहेका लागु औषध सम्बन्धी कैदी बन्दीहरुको अभिलेख तयार गरी उनीहरुबाट भविष्यमा हुन सक्ने लागु औषध सम्बन्धि आपराधिक गतिविधीहरु समेतलाई सुक्ष्म रुपमा निग्रानीमा राख्न शुरु गरिएको छ।

साथै, भारतबाट खुल्ला सिमाना हुंदै काठमाण्डौ सम्म खैरो हिरोईन ओसार पसार गरी बिक्रि बितरण गर्ने एक गिरोहलाई ३१५ ग्राम खैरो हिरोइन सहित काठमाण्डौमा पक्राउ गर्न सफल भएको छ। बिगत केही दिन देखिको निरन्तर सूचना संकलन तथा अनुसन्धान पश्चात उक्त गिरोहका निम्न ब्यक्तिहरुलाई पक्राउ गरी अनुसनधान गर्न सफल भएको छ।

- मिति २०८१।०२।१४ गते जिल्ला काठमाण्डौ, कागेश्वरी मनोहरा न.पा. वडा नं. ८ गोठाटार स्थित चेत बहादुर रम्तेलको डेरा कोठा भित्र खान तलासी गर्ने क्रममा लागु औषध **खैरो हेरोईन ११८ ग्राम**, डिजिटल तराजु १ थान र **नगद रु २,८०,०००।–** सहित पक्राउ।
- मिति २०८१।०२।१७ गते लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले काठमाण्डौ उपत्यकामा लागु औषध खैरो हेरोईन कारोवार गर्ने व्यक्तिहरुलाई जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ७ चावहिलबाट लागु औषध **खैरो हेरोईन १९७ ग्राम** सहित जिल्ला झापा, झापा गा.पा. वडा नं. १ बस्ने बर्ष २९ को जाहिर आलम र जिल्ला झापा, गौरीगन्ज गा.पा. वडा नं. ६ बस्ने बर्ष ३६ की खातुन पक्राउ गरिएको छ ।

साथै निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको छ।

**प्रवक्ता / सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३



डिल्ली बजार कारागारमा लागु औषध रोकथाम तथा नियन्त्रण सम्बन्धि सचेतना मुलक कार्यक्रम

# लागु औषध खैरो हेरोईन १९७ ग्रामको Link Chart



**भारत**

By Bus



**झापा**

By Air



पक्राउ: २०८१/०२/२७

चावहिल, काठमाण्डौ



अन्जिला खातुन भारतबाट झापा गौरीजञ्ज हुदै लागु औषध बोकि काठमाण्डौ आएको

जाहिर आलम झापाबाट लागु औषध बिक्रि गरे बापत पैसालिन काठमाण्डौ आएको

